**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ३० जनवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>मुख्य समाचार</u>**

- केंद्रीय गृह मंत्री अमित शाह आफ्नो दुइ दिवसीय पश्चिम बंगाल भ्रमणको क्रममा आज कोलकाता आइपुग्नुहुनेछ अनि भोलि सिलगढ़ी आउनुहुनेछ।

- पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षणमा सुनवाई प्रक्रियाको अवधि निर्वाचन आयोगद्वारा निर्धारित दस्तावेजहरु बाहेक दोस्रो दस्तावेज सुम्पिने मतदाताहरुको अंतिम सूचीबाट नाम हटाइनेछ।

- राज्यको मुख्यमंत्रीले राष्ट्रपिता महात्मा गाँधीले दिनुभएको मूल्यले आज पनि भारतीय लोकतांत्रिक व्यवस्थालाई दिशा दिइरहेको बताउनुभएको छ।

- तिरन्दाज एसोसिएसन कालेबुङको आयोजनामा चार दिवसीय ४६औ राज्य आर्चरी प्रतियोगिता मेला ग्राउन्डमा सम्पन्न भइरहेको छ।

- मौसम विभागले उत्तर बंगालको जिलाहरुका केही स्थानहरुमा बिहानको समय बाक्लो कुइरो लाग्ने संभावना व्यक्त गरेको छ।

**<u>शाह-पश्चिम बंगाल दौरा</u>**

केंद्रीय गृह मंत्री अमित शाह आज कोलकाता आइपुग्नुहुनेछ। आफ्नो दुइ दिवसीय पश्चिम बंगाल भ्रमणको अवधि श्री शाहले संगठनात्मक समीक्षा साथै ठुलो स्तरमा जनसंपर्क कार्यक्रमहरुमा विशेष ध्यान दिनुहुनेछ। भारतीय जनता पार्टी सूत्र अनुसार श्री शाह आज राती 8 बजे कोलकाता हवाई अड्डा पुग्नुहुनेछ। यस पछि उहाँले राज्य भाजपाको कोर कमेटी सदस्यहरुसित एउटा अहम बैठक गर्नुहुनेछ, जसमा आगामी चुनावी तैयारी एवं रणनीतिहरु माथि चर्चा गरिनेछ। सुत्र अनुसार यस पटक अमित शाहको प्राथमिकता आंतरिक संगठनात्मक कार्यक्रमहरुको साटो जनसंपर्क कार्यक्रमहरुमाथि रहनेछ। गत महिनाको भ्रमणमा गृहमंत्रीको ध्यान पूर्णरुपले संगठनात्मक गतिविधिहरुमाथि केंद्रित रहेको थियो जस अवधि उहाँले एकमात्र सार्वजनिक कार्यक्रम प्रेस वार्ता गर्नुभएको थियो। भोलि गृहमंत्रीले दुइवटा सार्वजनिक रैली अनि पार्टी कार्यकर्ता सम्मेलनहरुलाई सम्बोधन गर्नुहुनेछ। पहिलो सभा उत्तर 24 परगना जिलाको बैरकपुरमा भोलि बिहान आयोजित हुनेछ, जबकि दोस्रो सभा उत्तर बंगालको दार्जिलिंग जिललको सिलगड़ीमा हुनेछ। सिलगड़ी कार्यक्रम पछि गृह मंत्री बागडोगरा हवाई अड्डाबाट नयाँ दिल्लीको लागि प्रस्थान गर्नुहुनेछ। भाजपा राज्य समिति सदस्य अनसार बैरकपुर रैलीमा उत्तर 24 परगना जिलाका चार संगठनात्मक जिला तथा लोकसभा क्षेत्रहरु -बनगांव, बारासात, बशीरहाट अनि बैरकपुर का पार्टी कार्यकर्ता मुख्य रूपले शामेल हुनेछन् भने सिलगड़ी रैलीमा सिलगड़ी, दार्जीलिंग, जलपाईगड़ी, अलीपुरद्वार अनि कूचबिहारका पार्टी कार्यकर्ताहरु शामेल हुनेछन्। यस भ्रमणको माध्यमबाट अमित शाहको उद्देश्य पार्टी को जनसंपर्क रणनीतिलाई सशक्त बनाउन अनि आगामी विधानसभा चुनावको लागि संगठनात्मक तैयारीहरुको पुनरीक्षण गर्न हो।

**<u>पश्चिम बंगाल चुनाव दस्तावेज</u>**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षणमा सुनवाई प्रक्रियाको अवधि निर्वाचन आयोगद्वारा निर्धारित दस्तावेजहरु बाहेक दोस्रो दस्तावेज सुम्पिने मतदाताहरुको अंतिम सूचीबाट नाम हटाइनेछ। आयोगले संबंधित चुनाव अधिकारीहरुको एक अलग सूची तैयार गरेको छ जसले यस्ता दस्तावेज स्वीकार गरेका छन् तथा यसलाई ऑनलाइन अपलोड गरेका छन्। आयोग सूत्र

अनुसार यदी यी अधिकारीहरु विरुद्ध काम मा लापरवाही अथवा नियमहरुको उल्लंघनको साक्ष्य प्राप्त भए उनीहरु विरुद्ध कानूनी कार्यवाही गरिनेछ। निर्वाचन आयोगद्वारा जारी सूची अनुसार सुनावईको लागि बोलाइएका धेरै मतदाताहरुले निर्धारित दस्तावेजहरु बाहेक अन्य दस्तावेजहरु पनि सुम्पेका छन्। यस्ता मतदाताहरुको संख्या धेरै लाख सम्म पुगेको बताइएको छ।

**गांधी- श्रद्धाजंलि**

राष्ट्रले आज महात्मा गांधीको 78 औ पुण्यतिथि अनि शहीद दिवसमा श्रद्धांजलि अर्पण गरिरहेको छ। नयाँ दिल्लीको राजघाट स्थित गांधीजीको समाधिमा सर्वधर्म प्रार्थनाको आयोजन गरिएको छ। उपराष्ट्रपति सी पी राधाकृष्णन अनि प्रधानमंत्री नरेन्द्र मोदीले राजघाटमा महात्मा गांधीको समाधिमा पुष्पांजलि अर्पण गर्नुभयो। राज्यको मुख्यमंत्री ममता बनर्जीले पनि आज राष्ट्रपिता महात्मा गांधीको पुण्यतिथिमा उहाँलाई श्रद्धांजलि अर्पण गर्नुभएको छ अनि बापूको एकता एवं समावेशिताका आदर्शहरुलाई स्मरण गर्नुभएको छ। मुख्यमंत्रीले सामाजिक संजालमार्फत एकजुट अनि समावेशी भारतको गांधीजीको सपना नै हाम्रो लोकतंत्रको आत्मा रहेको बताउनुभएको छ। मुख्यमंत्रीले राष्ट्रपिताले दिनुभएको मूल्यले आज पनि भारतीय लोकतांत्रिक व्यवस्थालाई दिशा दिने अनि यसलाई सशक्त बनाउने कार्य गरिरहेको बताउनुभएको छ। प्रतिवर्ष 30 जनवरीको दिन सम्पूर्ण देशले महात्मा गांधीको जीवन अनि विरासतलाई स्मरण गर्दछ। यस दिनलाई शहीद दिवसको रूपमा पनि मनाइन्छ। यसको उद्देश्य भारतको स्वतंत्रता अनि एकताको लागि प्राणको आहुति दिने सबै स्वतंत्रता सेनानी अनि शहीदहरुलाई श्रद्धांजलि दिन हो।

**मुख्यमंत्री एसआईआर बैठक**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) को कार्य लगभग अंतिम चरणमा पुगेको छ। यस प्रक्रियाको अवधि भवानीपुर विधानसभा क्षेत्रको लगभग 45 हजार मतदाताको नाम मसौदा मतदाता सूचीबाट हटाइएको मामला अघि आएको छ। यस मुद्दामाथि चर्चा गर्नकालागि तृणमूल कांग्रेस प्रमुख अनि मुख्यमंत्री ममता बनर्जीले आज अचानक पार्टी कार्यालयमा एक अहम बैठक बोलाउनुभएको खबर प्राप्त भएको छ। यस बैठकमा भवानीपुरका सबै पार्षद तथा बूथ लेवल एजेंट-2 (बीएलए-2) लाई डाकिएको बताइएको छ। उल्लेखनीय छ भवानीपुर ममता बनर्जी स्वयं को निर्वाचन क्षेत्र हो। वर्ष 2021 को उपचुनावमा यसै सीटबाट जीत दर्ता गर्नुभएर उहाँ तेस्रो पटक राज्यको मुख्यमंत्री बन्नुभएको थियो।

**कलकत्ता उच्च न्यायलय**

आगामी महत्वपूर्ण विधानसभा चुनावको अघि पश्चिम बंगालमा मतदान केन्द्रहरूका आधारभूत सुविधालाई लिएर कलकत्ता उच्च न्यायलयले कडा अडान लिएको छ। न्यायलयले आज भारतीय निर्वाचन आयोगबाट राज्यमा मतदान केन्द्रहरूको अवसंरचना स्थितिको बारेमा विस्तृत प्रतिवेदन माग गरेको छ। मुख्य न्यायाधीश सुजय पाल र न्यायाधीश पार्थ सारथी सेनको खण्डपीठले राज्यका धेरै मतदान केन्द्रहरूमा बुनियादी सुविधाहरुको खराब स्थिति रहेको आरोप लगाइएको जनहित याचिकाको सुनुवाइ गर्दै न्यायलयले यो निर्देशन दिएको हो। भारतीय जनता पार्टीका प्रदेश अध्यक्ष तथा राज्यसभा सदस्य समिक भट्टाचार्यद्वारा यो जनहित याचिका दर्ता गरिएको बताइएको छफ।

**पश्चिम बंगाल पर्यवेक्षक**

राज्य सरकारले निर्वाचन आयोगसित पांच राज्यमा हुन गइरहेको विधानसभा चुनावहरुका लागि गृह सचिव जगदीश प्रसाद मीना समेत 15 भारतीय प्रशासनिक सेवा-आई.ए.एस अधिकारीहरुलाई पर्यवेक्षक नियुक्त गर्ने आफ्नो निर्णय बारे पुनर्विचार गर्ने अनुरोध गरेको छ। प्रशासनिक सूत्र अनुसार राज्य सरकारले नौ अधिकारीहरुका वैकल्पिक नामहरुको प्रस्ताव पनि दिएको छ। राज्य सरकारले पांच पटक अनुरोध गरेतापनि अधिकारीहरुका नामको सूची उपलब्ध गराउन नसकेपछि आयोगले स्वयं नै यी अधिकारीहरुको चयन गरेको थियो। चुनावहरुका लागि आयोगले गृह सचिव श्री मीना समेत 15 आई.ए.एस अनि 10 भारतीय पुलिस सेवा अधिकारीहरुलाई केंद्रीय पर्यवेक्षक नियुक्त गरेको छ, जसमा दुइ पुलिस आयुक्त पनि शामेल छन्।

**IN-SPAN**

भारत–नेपाल स्टार्टअप साझेदारी नेटवर्क, (IN-SPAN) को पहिलो समूह अन्तर्गत चयन भएका २४ नेपाली स्टार्टअपहरूको कार्यक्रम आज सम्पन्न भएको छ। आईआईटी मद्रास प्रवर्तकद्वारा आयोजना गरिएको समापन तथा दीक्षान्त समारोहमा भारत सरकारको विदेश मन्त्रालयका उत्तर क्षेत्रका अतिरिक्त सचिव श्री मुनु महावर प्रमुख अतिथिका रूपमा उपस्थित हुनु भएको थियो। समारोहलाई सम्बोधन गर्दै उहाँले पहिलो समूहको आयोजना सफलतापूर्वक सम्पन्न गरेकोमा आईआईटी मद्रास इकोसिस्टमलाई धन्यवाद व्यक्त गर्नुभयो। साथै, यस पहलले भारत–नेपालबीचको स्टार्टअप सहकार्यलाई नयाँ उचाइमा पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा सहभागी स्टार्टअपहरूले कार्यक्रमप्रति अत्यन्त सकारात्मक प्रतिक्रिया दिएका छन्।

**एस आई आर- लामाहट्टा**

विशेष गहन पुनरीक्षण अर्थात एस आई आर प्रक्रिया -को हेयरिंग आज लामाहट्टा ग्राम पंचायत कार्यलयमा संपन्न भयो। गत 26 जनवारीको दिन पनि लामाहट्टा ग्राम पंचायत कार्यलयमा नै हेयरिंग भएको थियो। बिशेष आज लामाहट्टा ग्राम पंचायतका सबै वार्ड का मतदाताहरुको उपस्थिति रहेको थियो। उनीहरुलाई हेयरिंग वा सुनुवाईको निम्ति बोलाइएको उपस्थित मतदाताहरुले बताए। आज संपन्न सुनुबाईमा यस्ता मतदाताहरु थिए जसको मतदाता सूचीमा बाबाको नाम गलत, उमेर नमिलेको अथवा बाबा-छोराको उमेरमा भिन्नता, आदि जस्ता समस्याको कारण सुनुबाईको लागि बोलाईएका थिए। आजको हेयरिंगमा ग्राम पंचायतका सबै वार्डका ती मतदाताहरु जो विगतमा गरिएको हेयरिंगमा छूटन गए वा उपस्थित हुन सकेका थिएनन, उनीहरु सँगै सबैलाई बोलाइएको थियो। यस हेयरिङको निम्ति खण्ड कार्यलय बाट एईआरओ, अब्जरभर, माईक्रो अब्जरभर, सुपरभाईजर आदिको उपस्थिति रहेको थियो।

**अनित थापा**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले रङली चियावगानका श्रमिकको बेतन समस्याबारे श्रम मन्त्री मलय घटकलाई पत्रचार गर्नुभएको छ। सो पत्र जिटिए सभाका डेपुटी चियरमैन राजेश चौहानले मन्त्रीलाई हस्तान्तरण गर्नु भयो। सोही सन्दर्भमा जिटिए कार्यपालले एक प्रेस बिज्ञप्ति जारी गर्दै मन्त्री घटकले समस्याप्रति चासो व्यक्त गर्दै विभागीय अधिकारीहरूलाई चियावगानका मालिकसँग तत्काल बैठक गरी समाधान निकाल्न निर्देशन दिएको बताइएको छ। बिज्ञप्तिमा चियावगान केवल व्यापार होइन, यहाँका श्रमिकहरूको जीवनसँग जोडिएको संवेदनशील विषय हो। यस कदमले श्रमिक समस्याको समाधान भएमा न्याय र मानवताको जित हुने अपेक्षा पनि श्री थापाले साचेका छन।

**श्रमिक संगठन**

इंडियन गोर्खा जनशक्ति फ्रंट तकलिङ्ग-पेशोक समष्टि अधीनस्थ रहेको लप्चू चियाबारीका चिया श्रमिकहरुको समस्याहरुको निवारण हेतु हिजो लप्चू पारी गावँ स्थित प्राथमिक पाठशाला प्रांगणमा इंडियन गोर्खा जनशक्ति फ्रंटको भातृ संगठनको रुपमा रहेको श्रमिक संगठन हाम्रो हिल तराई डुअर्स चियाबारी श्रमिक संगठन (एच० एच० टी० डी० सी० एस० एस०) को लप्चू चियाबारी शाखाको गठन गरियो।

**गोर्खा सांस्कृतिक महोत्सव**

असम सरकार द्वारा संचालित गोर्खा उन्नयन परिषद असम सरकार द्वारा गत 29 तारिख बाट 31 सम्मा असम राज्यको डिब्रूगढ़मा भव्यताको साथ गोर्खा सांस्कृतिक महोत्सव 2026 सम्पन्न भैरहेको छ । लगभत 2000भन्दा बढ़ि कलाकार द्वारा प्रस्तुत मारुनी नृत्य असम विधानसभा का अध्यक्ष विश्वजित दैमारी , भाजपा असम का अध्यक्ष दिलीप शैकिया लगायत आज बिभागीय मन्त्री पिजुष हाजरीका पनि उपस्थित हुनु हुने छ । सुन्नु होस हाम्रा सम्वाददाता रजत भारद्वाजको एक रिपोर्ट.....

**बाईट**

**तिरान्दाजी-कालेबुङ्ग**

तिरन्दाज एसोसिएसन कालेबुङको आयोजनामा चार दिवसीय राज्यस्तरीय ४६औं राज्य आर्चरी प्रतियोगिता मेला ग्राउन्डमा

सम्पन्न भइरहेको छ। २८ जनवरीदेखि आरम्भ भएको यस प्रतियोगितामा राज्यभरिका विभिन्न जिल्लाबाट प्रतियोगीहरुले अंशग्रहण गरिरहेका छन्। यो प्रतियोगिता यस वर्ष भने कालेबुङमा सम्पन्न गर्न सकिएकोमा राष्ट्रिय कोच जिमी लेप्चाले खुशी व्यक्त गर्नुभएको छ।

**मौसम**

राज्यको राजधानी कोलकाता अनि वरिपरिका क्षेत्रहरुमा आगामी 24 घंटाको अवधि मौसम मुख्यतः सफा रहने मौसम विभागको संभावना व्यक्त गरेको छ। विभाग अनुसार भोलि बिहान सम्म यी क्षेत्रहरुमा मौसम सफा रहनेछ। यद्धपी केही अन्य क्षेत्रहरुमा बिहानको समय हल्का कुइरो देख्न सकिनेछ। विभाग अनुसार अधिकतम तापमान लगभग 27 डिग्री सेल्सियस अनि न्यूनतम तापमान लगभग 16 डिग्री सेल्सियस रहने संभावना रहेको छ।

****** ० ******